# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ रिब्दीकोट बैशाख १६, २०८१ साल संख्याः ९**

**भाग –२**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम नागरिकको मागमा आधारित लागत साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी, २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## नागरिकको मागमा आधारित लागत साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।०६

**प्रस्तावना :**

आर्थिक, सामाजिक, सूचकका आधारमा कमजोर देखिएका रिब्दीकोट गाउँपालिका भित्रका घर परिवार तथा व्यक्तिहरुको सामाजिक संरक्षण कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले यस पालिका भित्र रहेका सरकारी वा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, स्थानीय स्तरका उपभोक्ता, कृषक, कृषक समुह, सहकारी र गाउँपालिका बिच अल्पकालीन, मध्यकालिन र दीर्घकालीन योजनाहरु संचालन गर्न "रिब्दीकोट गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को

दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २५ र २६ को व्यवस्था कार्यान्वयन गर्न रिब्दीकोट गाउँपालिकाको मागमा अधारित साझेदारी कार्यक्रम सञ्चालनका निम्ति यो कार्यविधी तयार गरी लागू गरेको छ ।

१. **प्रारम्भिकः-**

(क) संक्षिप्त नाम र प्रारम्भः- यस कार्यविधिको नाम "नागरिकको मागमा आधारित लागत साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि रिब्दीकोट गाउँपालिकाको गाउँ कार्यपालिकाले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "उपाध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका " भन्नाले रिब्दीकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले आयोजना कार्यान्वयन स्थलका आयोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने समुदायबाट प्रचलित कानुन बमोजिम छनौट भई आयोजना सम्पन्न गर्न गठन भएको जिम्मेवार समितिलाई सम्झनुपर्दछ ।

(च) "साझेदार" भन्नाले यस कार्यविधी अनुरुप

गाउँपालिकासँग मागमा आधारित लागत साझेदारी कार्यक्रम साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने उपभोक्ता, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, गाउँपालिकामा दर्ता भएका कृषि समूह लगायत प्रचलित कानुन बमोजिम दर्ता भएका संघ संस्थालाई सम्झनु पर्दछ ।

(च) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिमको समिति सम्झनु पर्दछ ।

३. **साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन् :**

क) घरेलु तथा उद्योग विकास
ख) लघु उद्यम विकास तथा स्थानीय विकास
ग) तालिम, शिविर, गोष्ठी तथा परापर्श सेवा
घ) एकिकृत सेवा तथा घुम्ति सेवा
ङ) महिला, बालबालिका, अपाङ्ग तथा सामाजिक विकास
च) जलाधार संरक्षण
छ) बस्ती विकास तथा एकिकृत बस्ती निर्माण
ज) सूचना प्रविधि तथा विद्युतिय सरकारी कार्यक्रम
झ) शिक्षा
ञ) स्वास्थ्य
ट) कृषि/पशु विकास
ठ) पर्यटन
ड) भौतिक पूर्वाधार
ढ) विपद व्यवस्थापन तथा जलवायु परिवर्तन
ण) खानेपानी तथा सरसफाई
त) रोजगारी तथा स्वरोजगार सृजना
थ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना
द) वन तथा वातावरण संरक्षण

ध) संस्थागत विकास तथा सुशासन

न) सहकारी संस्थाहरुको सवलीकरण

प) स्थानीय उत्पादनको संकलन, प्रशोधन तथा बजारीकरण

फ) बाँझो जग्गा उपयोग गरि गरिएका कृषि तथा पशुपालन

ब) कृषियन्त्र तथा कृषि पशु सामाग्री खरिद

भ) गाउँकार्यपालिकाले आवश्यक ठानी निर्णय गरेका अन्य क्षेत्रहरुको पहिचान गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।

४. **योजना/कार्यक्रम छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन्:**

१) गाउँपालिकाले साझेदारीका लागि सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

२) साझेदारले वडा कार्यालय वा गाउँपालिकामा सिधै प्रस्ताव पेश गर्न सक्ने छन् ।

३) वडा कार्यालयले संकलित सम्पूर्ण योजना तथा कार्यक्रमहरु मध्ये गरिवी निवारण, उत्पादनमुलक रोजगारी प्रदान वा प्राप्त गर्ने खालको दिगो विकासका लक्ष्यहरुलाई सहयोग पुग्ने खालका हुनु पर्नेछ। साथै छिटो प्रतिफल प्राप्त गर्न सक्ने आम्दानी बृद्धि गर्ने, जनसहभागिता जुट्ने र गाउँपालिकाको पहिचान अभिवृद्धि गर्न सक्ने आधारमा प्राथमिकता क्रम निर्धारण गरी गाउँपालिकामा पेश गर्नेछ ।

४) गाउँपालिकामा पेश भएका योजना तथा कार्यक्रमहरु मध्ये दफा ९ बमोजिमको कार्यक्रम छनौट तथा मूल्याङकन समितिले मूल्याङकन गरि योजना तथा कार्यक्रम छनौट गरि अनुमोदनको लागि कार्यपालिकमा पेश गर्नेछ ।

५) साझेदारले प्रत्यक्ष रुपमा गाउँपालिकामा निवेदन दिएमा प्राप्त योजना तथा कार्यक्रमलाइ सम्वन्धित शाखाले सिधै दफा ९ बमोजिमको कार्यक्रम छनौट मूल्याङ्मन समितिमा पेश गर्नेछ ।

६) साझेदारले गर्नुपर्ने लागत साझेदारी योजना र कार्यक्रमको प्रकृति अनुसार न्यूनतम ५० प्रतिशत हुने गरि प्रस्तावना पेश गर्नु पर्नेछ ।

७) विषय क्षेत्रको आवश्यकताको आधारमा आवश्यक अनुसूचीहरु विषयगत शाखाले तयार गरी कार्यान्वयन गर्नेछ ।

**५. कार्यक्रम संचालन स्रोत र खर्चः**

रिब्दीकोट गाउँपालिकाको गाउँसभाबाट बिनियोजित संघ संस्थाहरुसंग लागत साझेदारी कार्यक्रम, मागमा आधारित योजना कार्यक्रम र विभिन्न साझेदारहरुलाई दिने अनुदान अन्तर्गत विनियोजन गरिएको बजेट रकम हुनेछ ।

**६. कार्यक्रमको माग संकलनः**

यो कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम माग संकलन गर्नेछन् ।

- उपभोक्ता, उपभोक्ता समिति, कृषक, कृषक समुह, सहकारी, विभिन्न संघ संस्थाहरुले प्रत्यक्ष रुपमा दिएको निवेदन ।
- गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले स्थलगत अनुगमनका क्रममा देखिएका दफा ३ बमोजिमका क्षेत्रहरु ।

**७. छनौटका आधार तथा मापदण्डहरु**

कृषक, कृषक समूह, कृषि सहकारी तथा संघसंस्था लगायतको

छनौट गर्दा तपशिल बमोजिम मापदण्डको पालना गर्नु पर्दछ ।

क. एकल वा सामूहिक खेती गरी व्यवसायिक कार्य गरेको हुनु पर्दछ ।

ख. गरीब, एकल महिला, विपन्न तथा लोपोन्मुख जाति, अपाङ्ग, पिछडिएको वर्ग, शहिद परिवार, भूमिहिन सुकुम्बासीलाई प्राथमिकता दिईनेछ ।

ग. रोजगारी प्रदान गर्ने खालको हुनु पर्नेछ ।

घ. समान प्रकृतिको कार्यक्रममा गाउँपालिकाबाट सेवा सुविधा वा सहुलियत नलिएको हुनु पर्नेछ ।

ङ. कृषक समूह/सहकारी/संस्था/फर्मको हकमा गाउँपालिकाको नीति नियम कानून बमोजिम दर्ता नविकरण भएको हुनु पर्नेछ ।

उल्लेखित मापदण्डका आधारहरु पूरा नभएको अवस्थामा अन्यलाई छनौट गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन ।

८. **योजना/कार्यक्रमको छनौटः**

(क) सम्बन्धित शाखाले दफा ४ बमोजिम संकलित मागहरुलाई दफा ९ बमोजिमको छनौट समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(ख) छनौट समितिले छनौट गरेको योजना तथा कार्यक्रमको निर्णय दफा ११ बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

(ग) यसरी स्वीकृत कार्यक्रमलाई लागत अनुमान तथा कार्ययोजनाको आधारमा निर्धारित समयमै कार्यान्वयन गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृतको कर्तव्य हुनेछ ।

९. **आयोजना/कार्यक्रमको फरफारक सम्बन्धी व्यवस्थाः**

दफा ७ बमोजिम योजना छनौट भई कार्यक्रम कार्यान्वयन हुने कार्यक्रमको भुक्तानी देहायानुसार हुनेछ ।

(क) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने कार्यक्रमहरुको

फरफारक गर्दा वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, उपभोक्ता समितिको खर्चको सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई, प्राविधिकको मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन, योजना/कार्यक्रमको काम गर्नुपूर्व, काम हुँदै गरेको र काम सम्पन्न भएको अवस्थाको स्पष्ट देखिने तस्बिर, गाउँपालिकाको अनुगमन/मूल्याङ्कन समितिको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

(ख) समूह मार्फत संचालित कार्यक्रमको फरफारक तथा रकम भुक्तानी दिनु अगाडि वडा कार्यालयबाट कार्यक्रम सम्पन्नको सिफारिस, समूहले गरेको कामको सम्बन्धमा सम्बन्धित समूहले खर्चको विवरण, प्राविधिकको मूल्याङ्कन तथा कार्यसम्पादन प्रतिवेदन लगायत सञ्चालित योजना तथा कार्यक्रमको स्पष्ट देखिने तस्बिर र अनुगमन/मूल्याङ्कन समितिको सिफारिश अनिवार्य पेश भएको हुनु पर्नेछ ।

(ग) एकमुष्ट अनुदान वितरण कार्यक्रमका लागि पुष्ट्याई गर्ने आवश्यक कागजात वा प्रमाण, गाउँपालिकाको अनुगमन/मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिकबाट तयार गरेको कार्यसम्पन्न मूल्याङ्कन प्रतिवेदन समेतको आधारमा अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिने छ ।

(घ) संघ/संस्था तथा कृषक मार्फत संचालित कार्यक्रमको रकम भुक्तानीका लागि पुष्ट्याईं गर्ने आवश्यक कागजात वा प्रमाण गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिस, वडा कार्यालयको सिफारिस, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा बैंक खाता मार्फत भुक्तानी गरिने छ ।

ङ) साझेदारले बाँझो जग्गामा अदुवा, वेसार, तरकारी तथा

फलफूल आदि नगदेबाली वा रैथाने खेती गरेमा प्राविधिकको मूल्याङ्कनको आधारमा प्रति रोपनी लागतको ५० प्रतिशतले हुन आउने रकम अधिकतम रु १२५००।- सम्म मात्र अनुदान दिईनेछ ।

च) साझेदारले कृषिजन्य यन्त्र खरिद गरि कृषि कार्य गरेमा कृषिजन्य यन्त्र खरिद बिलको ५० प्रतिशत ले हुन आउने रकम अधिकतम रु ३० हजार सम्म मात्र विलको आधारमा भुक्तानी दिने छ ।

**१०. कार्यक्रम छनौट/मूल्याङ्कन समिति देहाय बमाजिमको हुनेछ ।**

| | | |
|---|---|---|
| १. | गाउँपालिकाको अध्यक्षः- | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृतः- | सदस्य |
| ३. | सम्बन्धित वडाको वडा अध्यक्ष :- | सदस्य |
| ४. | अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना :- | सदस्य |
| ५. | सम्बन्धित शाखाको शाखा प्रमुख :- | सदस्य सचिव |

अनुदानको रकम भुक्तानी लिदा सक्कल भ्याट/प्यान बिलमा आधिकारिक प्रमाणित बिल पेश गर्नुपर्नेछ । बैठकमा आवश्यकता अनुसार अन्य जनप्रतिनिधि तथा विषय विज्ञहरूलाई आमन्त्रित गर्न सकिने छ ।

**११. अनुगमन समिति देहाय बमाजिमको हुनेछः**

अनुगमन समिति गाउँपालिकामा उपाध्यक्षको संयोजकत्व भएको अनुगमन समिति हुनेछ ।

**१२. योजना/कार्यक्रम कार्यान्वयन सम्वन्धमा :**

(क) दफा ७ बमोजिम छनौट भएका कार्यक्रमको कार्यान्वयन सम्वन्धित शाखाले कार्यान्वयनयोग्य कार्ययोजना तयार गरी प्र.प्र.अ. द्वारा स्वीकृत गराई निर्धारित समय भित्रै सम्पन्न गर्ने कार्यको सुनिश्चितता गर्नुपर्नेछ ।

(ख) कार्यक्रमको कार्यान्वयन र सञ्चालन गरि समयमै सम्पन्न गर्ने दायित्व सम्बन्धित शाखा प्रमुख एवं गाउँपालिकाको हुनेछ ।

१३. **सेवा सुविधाः**

समितिका पदाधिकारीहरुले बैठकमा सहभागी भएबापत बैठक भत्ता बाहेक अन्य कुनै सुविधा प्राप्त गर्ने छैनन । तर विशेष परिस्थितिमा समितिले आवश्यकता ठानेको अवस्थामा स्थलगत अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्नु परेमा सो समयको समेत दैनिक भत्ता उपलब्ध गराउन सक्नेछ ।

१४. **संशोधन, खारेजी :-**

गाउँ कार्यपालिकाले यो कार्यविधिलाई समय सापेक्ष संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ ।

आज्ञाले
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत